कम्पनी दर्ता:- १२२७८३/०७४/०७५

ने.रा.बैंक/इ.प्रा./"घ"/८५/०७५/०७६

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

# DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था राष्ट्रियस्तर कार्यक्षेत्र भएको"

केन्द्रिय कार्यालय: बागलुङ नगरपालिका -२, श्रीनगरटोल, बागलुङ

फोन : ०६८-५२०२०५/५२४३५१

www.dhaulagiribank.com, Email: infodesk@dhaulagiribank.com

# सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/०३ गते

श्री आदरणीय सेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२/१२/२१ गते शनिबारको दिन दिउसो ३ बजे बसेको ४७ औं बैठकको निर्णय नं.४ बमोजिम यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल तथा पारित गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा 'कम्पनी ऐन २०६३' को दफा- ६७(२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान** :

**मिति :** २०८३ साल बैशाख २२ गते मंगलबार (तदनुसार May 5, 2026) ।

**समय :** बिहान ११:०० बजे ।

**स्थान :** धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र, बागलुङ नगरपालिका ४, उपल्लाचौरको सभाहल बागलुङ ।

**वार्षिक साधारण सभाका छलफलका विषयहरु** :

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित मिति २०८१/०४/०१ गते देखि २०८२ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संस्थाको नियमावली अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका सञ्चालकहरुको मनोनयन/ नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको पुँजी वृद्धि योजना सम्बन्धमा ।

२. यस वित्तीय संस्था र अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) तथा पुँजी वृद्धि प्रयोजनको लागि वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीको नियम मा आवश्यक संशोधन गर्ने साथै प्रवन्धपत्र तथा नियमावलीको नियमहरुमा नियमनकारी निकायहरुबाट आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध.....................।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**आ. व. २०८१/८२ सातौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. साधारण सभा प्रयोजनका लागि मिति २०८३/१/१० गते सेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०१/१० गते भन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको सेयर रजिष्ट्रार लक्ष्मी सनराइज क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त सेयर नामसारीको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले साधारण सभामा भाग लिन योग्य हुनु हुनेछ ।

२. साधारण सभामा भाग लिन इच्छुक सेयरधनी महानुभावहरुले हितग्राही परिचय नम्बर (BOID) र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

३. साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन सम्बन्धी विवरण, प्रोक्सी तथा कागजातहरु सबै सेयरधनी महानुभावहरुको लागि यस संस्थाको वेबसाइट www.dhulagiribank.com बाट हेर्न र प्राप्त गर्न सकिनेछ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरुले सम्पूर्ण सेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको सेयरधनी हुनु अनिवार्य छ ।

५. कुनै सेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वत: बदर वा अमान्य हुनेछ ।

६. कुनै संगठित संस्था वा कम्पनीले सेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ । त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ ।

७. विक्षीप्त सेयरधनीको तर्फबाट यस कम्पनीको सेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८. सभा हुने दिन सभा स्थलमा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि सभा सम्पन नहुञ्जेल सम्मको लागि खुल्ला रहनेछ ।

९. सेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिहरुबाट सामूहिक रूपले उत्तर दिइनेछ ।

१०. विविध शीर्षक अन्तर्गत छलफल गर्न पर्ने विषयका वारेमा इच्छुक सेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कार्यालय समयभित्र कम्पनी सचिव मार्फत अध्यक्षज्यूलाई सम्बोधन गरी लिखित रुपमा जानकारी दिनु पर्नेछ । उक्त लिखित जानकारीलाई औचित्य हेरी छलफलमा समावेश गर्न सक्ने भएता पनि पारित/निर्णय हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

नोट : थप जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बागलुङ नगरपालिका वडा नं. २ श्रीनगर टोल, बागलुङ (फोन नं. ०६८५२०९०५) मा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।